# सुदूरपश्चिम विश्वविद्यालय
# कानून संकाय
## डीनको कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

प.सं.:
च.नं.:

**शैक्षिक सत्र २०८०/०८१ मा ५ वर्षे कानून स्नातक तह बी. ए. एल. एल. बी. कार्यक्रममा भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धी सूचना।**

सुदूरपश्चिम विश्वविद्यालय कानुन सङ्काय अन्तर्गतका विभिन्न आंगिक क्याम्पसहरूमा शैक्षिक सत्र २०८०/०८१ का लागि ५ वर्षे कानून स्नातक तह बी. ए. एल. एल. बी. कार्यक्रम प्रथम सेमेस्टरमा भर्नाकालागि लिइने प्रवेश परीक्षामा सम्मिलित हुन चाहने सम्बन्धित सबै विद्यार्थीकाहरूको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ।

१. **आवेदन फर्म वितरण र दर्ता**: २०८० भाद्र ०३ गतेदेखि २०८० असोज १० गते सम्म

२. **प्रवेश परीक्षा दस्तुर**: रु १५००/-

३. **आवेदन फर्म पाइने र बुझाउने स्थान**: सु. प. वि. केन्द्रीय क्याम्पस महेन्द्रनगर, कैलाली बहुमखी क्याम्पस, कैलाली ।

४. **न्यूनतम शैक्षिक योग्यता**: प्रवेश परीक्षा फर्म भर्ने अन्तिम मितिसम्म +२ वा सो सरहको परीक्षामा न्यूनतम ५०% प्राप्ताङ्क ल्याई उत्तीर्ण भएका वा राष्ट्रीय परीक्षा बोर्ड नेपालबाट न्यूनतम C+ ग्रेड ल्याई उत्तीर्ण भएकाले मात्र आवेदन फर्म भर्न पाउने छन।

५. **प्रवेश परीक्षा हुने मिति र समय**: २०८०/०६/१५ गते बिहान ११ बजेदेखि २ बजेसम्म।

६. **परीक्षा केन्द्र**: केन्द्रीय क्याम्पस महेन्द्रनगर र कैलाली बहुमुखि क्याम्पस धनगढी कैलाली।

७. वर्गीकृत समूहकालागि छुट्याइएको कोटा समेत केन्द्रीय क्याम्पस महेन्द्रनगरमा ४८, र कैलाली बहुमुखी क्याम्पसमा ४८ गरी जम्मा ९६ (छयानब्बे) जना बिध्यार्थी भर्ना लिइनेछ।

८. कूल १०० पूर्णाङ्कका लागि प्रवेश परीक्षा लिइने छ र परीक्षाको प्राप्ताङ्कको योग्यता सूची (Merit List) का आधारमा मात्र भर्ना लिइने छ।

९. प्रवेश परीक्षामा न्यूनतम ४०% अङ्क नल्याउने परीक्षार्थी भर्नाका लागि योग्य मानिने छैन।

१०. प्रवेश परीक्षाको कुल १०० पुर्णाङ्कको अङ्कभार निम्न बमोजिम हुनेछ।

| S.N. | Nature of Question | Marks allocated | Time | Remarks |
|---|---|---|---|---|
| 1. | Objective questions | 50 | | MCQ |
| 2. | Subjective Questions | 1x15=15<br>3x5=15 | 3 hrs. | Knowledge of Law and Constitution |
| 3. | Creative Writing | 20 | | English Language |

११. प्रवेश परीक्षाका लागि **देहायको** पाठ्यक्रम (विषयवस्तु) निर्धारण गरिएको छ।

1. General Introduction and kinds of law, importance of law in society, Rights and duties, introduction to constitution, kinds of constitution, fundamental rights, formation of legislature, executive and judiciary, person: natural and legal and other contemporary legal issues.

2. Creative writing.

१२. प्रवेश परीक्षा फर्म कैलाली बहुमुखी क्याम्पस, तथा सु. प. वि. केन्द्रीय क्याम्पस महेन्द्रनगरमा बुझाउन सकिने छ वा

१३. सुदूरपश्चिम विश्वविद्यालय कानुन सङ्कायमा सेमेस्टर प्रणाली सञ्चालन सम्बन्धी कार्यविधी २०७८ परिच्छेद २ दफा ३ (ग) बमोजिम कूल भर्ना संख्याको ८०% सिट खुल्ला प्रतिस्पर्धा २०% सिट आरक्षणका आधारमा भर्ना लिइने छ। आरक्षित कोटा २०% लाइ १००% मानि सो मध्य महिला २०%, आदिवासी/जनजाति १६%, मधेसी १४%, दलित ९%, अपाङ्गता ९%, पिछडीएको क्षेत्र ७%, थारू १०%, मुस्लिम ७%, अन्य ८% सिट आरक्षित गरिने छ।

१४. समावेशी कोटामा भर्ना चाहने विद्यार्थीले आवेदन साथ निम्न बमोजिमका कागजातहरू अनिवार्यरूपमा पेस गर्नुपर्ने छ। तोकिएका कागजात पेश नगर्ने उमेदवारहरूले आरक्षणमा दाबी गर्न पाउने छैन।

क. आरक्षण दाबी गर्ने सबै समूहका विपन्न बर्गका उम्मेदवारले कक्षा ८ – एसएलसी/ एसईई सम्म र कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यहोरा खुल्ने सम्बन्धित जिल्ला शिक्षा कार्यालयको पत्र र आफुले +2 पढेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्बन्धित विद्यालयको सिफारिस पत्र साथै विपन्न वर्ग समूहको उमेदवारले सम्बन्धित गाउँ पालिका वा नगर पालिका वा नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप वार्षिक आम्दानी रु ४०,०००/- भन्दा कम भई गरिबीको रेखामुनि रहेको भनी प्रमाणसहित आधार कारण खुलाइएको सिफारिस पत्र।

ख. सामुदायिक बाहेक निजी स्कुल कलेजमा अध्यन गरेको भए नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी कक्षा ८,९, एसएलसी/एसईई तथा कक्षा ११ र १२ पास गरेको प्रमाण सहितको सिफारिस पत्र।

ग. अपाङ्गता भएका उम्मेद्‌वारले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका साथै नेपाल सरकारले तोकेको निकायले जारी गरेको सक्कल परिचयपत्र।

घ. आदिवासी/जनजाति उमेदवारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र।

ङ. दलित उमेदवारले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र।

च. पिछडिएको दुर्गम क्षेत्रका उमेदवारले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी बसोबास भएको नागरिक भनी प्रमाणित गरेको सिफारिसपत्र साथै उमेदवारले नागरिकता लिएको जिल्लाको सरकारी स्कूलबाट कक्षा ८ देखि एसएलसी/एसईई र कक्षा ११ र १२ पास गरेको सम्बन्धित सरकारी निकायको सिफरिसपत्र र नेपाली नागारिकताको प्रमाणपत्र |

छ. मधेसी समुदायका उमेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय निकायको सिफारीसपत्र साथै पिछडिएका समुदायका उम्मेदवारको हकमा सम्बन्धित जिल्ला प्रसाशन कार्यालयको सिफारीसपत्रका अतिरिक्त पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधी २०७१ अनुसार गठीत पिछडीएको **समुदाय** जिल्ला समन्वय समिति को सिफारिसपत्र।

ज. मुस्लिम समुदायको उमेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयाको सिफारिसपत्र वा मुस्लिम आयोगले जारी गरेको पारिचयपत्र |

झ. अन्य अन्तरगत पर्ने समुदायका उमेदवारहरुले **खस** आर्य समुदायमा पर्ने **ब्यहोरा** खुल्ने प्रमाणपत्र।

ञ. आबेदन फर्म भर्दाका अवस्थामा तोकीएको कोठामा आफु कुन बर्गिकृत समुहमा पर्ने हो सोही बर्गिकृत समुह खुलेको कोठामा (1) चिन्ह लाउनु पर्नेछ अन्यथा कोटामा दाबी लागाने छैन।

१५. आवेदन साथ निम्न बमोजिमका प्रमाणपत्रहरू पेस गर्न पर्नेछ।

क. एसएलसी / एसईई उत्तीर्ण गरेको लब्धाङ्क पत्र, ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १/१ प्रति

ख. +2 PCL वा सो सरह उत्तिर्ण गरेको लब्धांक पत्र, ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, १/१ प्रति

ग. हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति

घ. उच्च माद्यामिक शिक्षा परिषद् वा अन्य कुनै विदेशी शिक्षण संस्थाहरुबाट दस जोड दुई उत्तीर्ण गरेको भए समकक्षता प्रमाणपत्र र सक्कल माइग्रेसन प्रमाणपत्र भर्ना हुँदाका बखत सम्बन्धित क्याम्पसमा बुझाउनु पर्नेछ।

१६. बी. ए. एल.एल.बी. कार्यक्रम सेमेस्टर प्रणालीमा १० सेमेस्टर सञ्चालन हुनेछ र क्याम्पसले तोकेको दिवा वा बिहानी समयमा सञ्चालन हुनेछ ।

१७. प्रवेश परीक्षको नतिजा प्रकाशित गर्दा परीक्षार्थीहरूले प्रवेश परीक्षामा प्राप्त **गरेको अङ्क** (Merit list) को आधारमा दावि गरेको कोटा समेत खुल्ने गरी सम्पूर्ण परीक्षार्थीको प्राप्ताङ्कसमेत खुल्ने गरी एउटै नामावली प्रकाशित गरिने छ र सो नामावली भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरूमा पठाइने छ र सम्बन्धित क्याम्पसहरुले सो नामावलीका आधारमा सम्बन्धित क्याम्पसमा भर्नाका लागि आवेदन आह्वान गर्नेछन् ।

१८. प्रवेश परीक्षामा न्यूनतम ४०% अङ्क प्राप्त गरेका डीन कार्यालयद्वारा प्रकाशित योग्यता सूचीमा नाम समावेश भएका परीक्षार्थीले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा तोकिएको मिति भित्र भर्नाका लागि निवेदन गर्नु पर्नेछ र सम्बन्धित क्याम्पसले प्राप्त आवेदनहरु मध्येबाट योग्यता **सूची** (Merit List) का आधारमा नामावली प्रकाशित गरी भर्ना लिनु पर्नेछ ।

१९. क्याम्पसहरूले प्राप्त हुन आएका आवेदनहरूमध्येबाट भर्नाका लागि प्रवेश परीक्षामा न्यूनतम ४०% अङ्क प्राप्त गरेका आवेदकहरू मध्येबाट योग्यता सूची (Merit list) प्रकाशित गरी सोही आधारमा भर्ना लिनु पर्ने छ ।

२०. क्याम्पसहरूले योग्यता सूची प्रकाशित गर्दा बराबर अङ्क ल्याउने परीक्षार्थीहरूको योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिम निर्धारण गर्नु पर्नेछ ।

क. विषयगत प्रश्नको उत्तरपुस्तिकामा **बढी** अङ्क प्राप्त गरेको आधारमा

ख. Transcript को प्राप्त CGPA / प्रतिशत (%) का आधारमा

ग. कक्षा १२ को प्राप्त CGPA आधारमा

घ. कक्षा ११ को प्राप्त CGPA आधारमा

ङ. कक्षा ११ र १२ मा कानुन विषय पढेका र नपढेका परीक्षार्थीहरूको प्राप्ताङ्कको औसत बराबर भएमा कानुन पढेका परीक्षार्थीको प्राप्ताङ्क Grade लाई प्राथमिकता दिइने छ ।

च. कक्षा ११ र १२ को अंग्रेजी विषयमा प्राप्त गरेको प्रतिशत (%) CGPA को आधारमा

छ. एसएलसी/एसईई को कुल CGPA प्रतिशत (%) का आधारमा

ज. एसएलसी/एसईई मा अंग्रेजी विषयमा प्राप्त **गरेको** प्रतिशत **(%)** GPA को आधारमा

२१. सम्बन्धित क्याम्पसहरूले भर्ना भएका सम्पूर्ण विध्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पुरा भएका मितिले १५ दिन भित्र डीन कार्यालयमा पठाउनु पर्नेछ ।

२२. कुनै क्याम्पसले नियमानुसार योग्यता सूची प्रकाशित नगरेको वा भर्ना नगरेको उजुरी वा सूचना डीन कार्यालयलाई प्राप्त हुन आएमा त्यस्तो विषयको छानवीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानविनबाट नियमविपरीत योग्यता सूची प्रकाशित गरेको **वा** भर्ना गरेको पुष्टि भएमा त्यस्तो योग्यता सूची वा भर्ना स्वतः रद्द हुनेछ । यसरी नियम विपरीत योग्यता सूची प्रकाशित **भएको भए** सो सच्याई

FARWESTERN UNIVERSITY FACULTY OF LAW

पुनः योग्यता सूची प्रकाशित गर्न वा भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार पुनः भर्ना गर्न डीन कार्यालयले निर्देशन दिनेछ। भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण रकम सम्बन्धित क्यामपसले फिर्ता गर्नु पर्नेछ।

२३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन फर्ममाथि कुनै कारवाही हुने छैन।

२४. प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा प्रवेश परीक्षा समितिको निर्णय अन्तिम हुनेछ।

२५. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी अन्य विस्तृत जानकारी डीन कार्यालय वा सम्बन्धित क्याम्पसबाट प्राप्त गर्न सकिने छ।

२६. आवेदन फाराम दर्ता गर्दा लाग्ने प्रवेश परीक्षा शुल्क रु. १५००/ नेपाल बैंक महेनद्रनगर शाखामा रहेको कानून संकाय डीन कार्यालयको नामको च.हि. १५६००१०७३२३३४५००००१ मा जम्मा गरेको भौचर आबेदन फाराम संगै बुझाउनु पर्नेछ।

२७. परीक्षार्थीले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फर्ममा उल्लेखित निर्देशनहरू राम्ररी अध्ययन गरेरमात्र फाराम भर्नु पर्नेछ।

२८. बी ए एल एल बी कार्यक्रममा पठनपाठन लगायत परीक्षाको माध्यम भाषा अंग्रेजी भएकोले प्रवेश परीक्षाको भाषा अंग्रजी हुनेछ। अंग्रेजी बाहेकका अन्य भाषामा लेखिएका उत्तर पुस्तिका परीक्षण गरिने छैन।

२९. **यो सूचना** facultylaw.fwu.edu.np मा पनि हेर्न सकिने छ।

(कर्ण बहादुर थापा)

डीन